घोडाघोडी स्थानीय राजपत्र

घोडाघोडी नगरपालिकाको कार्यालय द्वारा प्रकाशित

सुखड,सुदूरपश्चिम प्रदेश नेपाल

| भाग १ | वर्ष ६ | अंक २५ | २०७९ फागुन २२ |
| --- | --- | --- | --- |

# नगर प्रहरी ऐन,२०७९

प्रस्तावना :

घोडाघोडी नगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरूको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी कानूनी शासन स्थापित गर्दै नागरिकलाई सुरक्षा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, नगरक्षेत्र भित्रका प्राकृतिक साधन स्रोत र सास्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् तथा अन्य आकस्मिक घटनाहरूको तत्काल सम्बोधन एवम् समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै नगरबासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्ने उद्देश्यले नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम घोडाघोडी नगर सभाले यो ऐन बनाई कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "नगर प्रहरी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) 'ऐन' भन्नाले घोडाघोडी नगर प्रहरी ऐन, २०७९ लाई सम्झनु पर्दछ ।

(ख) 'नगरपालिका' भन्नाले घोडाघोडी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) 'सभा' भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) 'प्रमुख' भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) 'उप-प्रमुख' भन्नाले नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) 'नगर प्रहरी' भन्नाले घोडाघोडी नगर प्रहरी सम्झनु पर्दछ ।

(ज) नगर प्रहरी सेवा भन्नाले नगरपालिकाद्वारा गठित नगर प्रहरी सेवालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## नगर प्रहरी सेवाको गठन, सञ्चालन र नियन्त्रण

३. नगर प्रहरी सेवाको गठन :

(१) नगरपालिकामा एक नगर प्रहरी सेवा गठन गरीने छ ।

(२) नगर प्रहरी कर्मचारीको दरबन्दी संख्या कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) नगर प्रहरीहरूको सेवाको शर्त कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) नगर प्रहरीहरूको रेखदेख, सञ्चालन र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ

(५) कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ ।

४. नगर प्रहरीको पद र तहः

(१) नगर प्रहरीको पद, तह, पोसाक, दर्ज्यानी चिन्ह कार्यपालिकाले तोके बमोजिमको हुनेछ

(२) प्रत्येक नगर प्रहरीको कार्यविवरण तोकिए बमोजिम हुनेछ र सम्बन्धित पदका नगर प्रहरीले सोही आधारमा काम गर्नुपर्नेछ ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

५. नगर प्रहरीको काम, कर्तव्य र अधिकार :

(१) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शान्ति सुरक्षा कायम गर्ने सवालमा नेपाल प्रहरी, सशस्त्र प्रहरीसँग समन्वय, सहयोग र सहकार्य गर्ने ।

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने।

(ग) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्न सहयोग गर्ने ।

(घ) नगरको बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने।

(ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने।

(छ) नगरपालिका क्षेत्रमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य स्रोतसाधन सहित तत्काल परिचालन गर्ने।

(ज) विपद् व्यवस्थापन सम्बन्धी घटनाहरूमा परिचालित भई तत्काल खोजी, उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने।

(झ) अनधिकृत विज्ञापन तथा होर्डिङ्गबोर्ड नियन्त्रण गर्ने।

(ञ) छाडा घरपालुवा पशुपन्छी नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने।

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने।

(ठ) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने।

(ड) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामग्री,पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न नगरपालिकामा पेश गर्ने ।

(ढ) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउन सहयोग गर्ने ।

(ण) तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु बिक्री गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने र पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ नगरपालिकामा पेश गर्ने ।

(त) रोगी वा कानूनले निषेध गरेका पशुपंन्छी, जीवजन्तु काटमार गर्न नदिने र त्यस्ता पशुपंन्छी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने, तर अटेर गरेमा जफत गरी नष्ट गर्नुका साथै जरिवाना समेत गर्न नगरपालिकामा पेश गर्ने ।

(थ) खतरा उत्पन्न हुने रुख, जोखिम पूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र आदेशानुसार गर्ने ।

(द) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने, गराउने ।

(ध) बिना ईजाजत तथा नवीकरण नभई संचालन गरेका  व्यापर व्यवसाय भए दर्ता/नवीकरण गर्न लगाउने ।

(न) नापतौलका सामग्रीको चेक जाँच गर्न र पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने तथा चेक गर्न सहयोग गर्ने ।

(प) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यवसायमा हुने गतिविधि निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(फ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, डायस, जुवा, तासलगायतका अन्य विकृतिजन्य क्रियाकलापमा रोक लगाउने ।

(ब) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिको बजार व्यवस्था गर्ने त्यस्ता व्यापारीहरूको लगत राख्ने ।

(भ) अरुलाई बाधा पुग्ने गरी लाउडस्पिकर, रेडियो अथवा ध्वनि उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(म) नगरपालिका अन्तर्गतका शाखा, उपशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशनको कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(य) नगरमा हुने सभा, समारोह, परम्परा, जात्रा तथा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने।

(र) माथि तोकिए बमोजिमका कार्यहरू समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(ल)  नगरपालिकाले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## तह विभाजन, पदपूर्ति, दरबन्दी खारेज

६. पद सिर्जना तथा दरवन्दी खारेजः नगर प्रहरी कर्मचारीको पद सिर्जना तथा दरवन्दी खारेज देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरूको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) दरबन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ आर्थिक अवस्था, क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट उल्लेख गरी कार्यपालिका समक्ष प्रमुख प्रशासकीय अधिकृतले पेश गर्नु पर्नेछ ।

(ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानुन बमोजिम सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

(घ) वडा कार्यालयहरूमा समेत नगरप्रहरीको क्रमशः व्यवस्था गरिनेछ ।

७. नगर प्रहरीहरूको सेवा करार सम्बन्धी व्यवस्थाः

नगर प्रहरीको देहायका पदहरू सेवा करारमा खुल्ला प्रतियोगिताद्वारा लिईनेछ ।

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी नायब निरीक्षक

(ग) नगर प्रहरी सहायक निरीक्षक

(घ) नगर प्रहरी हवलदार

(ङ) नगर प्रहरी जवान

८. सेवा करार गर्ने अधिकारी : पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सेवा करार गर्नेछ ।

९. उम्मेद्वारको योग्यता सम्बन्धी व्यवस्थाः खुल्ला प्रतियोगितामा भाग लिने उम्मेद्वारको योग्यता देहाय बमोजिमको हुनु पर्नेछ :

(क) नगर प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची १ बमोजिम हुनेछ ।

(ख) नगर प्रहरी नायब निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची २ बमोजिम हुनेछ ।

(ग) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ३ बमोजिम हुनेछ ।

(घ) नगर प्रहरी हवलदार तथा जवान पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसूची ४ बमोजिम हुनेछ ।

१०. पदपूर्ति समिति : (१) नगर प्रहरी पदपूर्ति समिति देहाय बमोजिम हुनेछ–

(क) नगरपालिकाले तोकेको व्यक्ति - संयोजक

(ख) प्रहरी नायव उपरिक्षक वा सो भन्दा माथिको वहालवाल वा सेवा निवृत्त नेपाल प्रहरी मध्येबाट एक जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा पदपूर्ति समितिले आवश्यकता अनुसार विषय विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ ।

११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार : पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ–

(क) पदपूर्तिको लागि पाठ्यक्रम निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) परीक्षाको किसिम तोक्ने,

(घ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

(ङ) सेवा करारका लागि सिफारिस गर्ने,

(च) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तलाई पदपूर्ति समितिले अवलम्बन गर्नु पर्नेछ,

(छ) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि करारमा खुल्ला प्रतियोगिता द्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउन सक्नेछ ।

१२. सेवा करारका लागि सिफारिस गर्ने : उम्मेदवारहरूले प्राप्त गरेको अंकको आधारमा छनोट गरी पदपूर्ति समितिले सेवा करारका लागि नगरपालिकामा सिफारिस गर्नेछ ।

१३. दरवन्दी खारेज : मौजुदा दरबन्दी मध्ये कुनै दरबन्दी आवश्यक नभएमा कार्यपालिकाले त्यस्तो दरबन्दी खारेज गर्न सक्नेछ ।

## परिच्छेद-५

## आचरण

१४. दान दातव्य, चन्दा, उपहार तथा आर्थिक सहायता लिन नहुने : नगर प्रहरीले पूर्व स्वीकृति विना स्वदेशी तथा विदेशी संघसंस्था, निकाय वा व्यक्तिबाट कुनै प्रकारको दान दातव्य, चन्दा, उपहार, पुरस्कार र आर्थिक सहायता लिन पाइने छैन ।

१५. सम्पत्ति विवरण पेश गर्नुपर्ने : नगर प्रहरीले सेवा करार सम्झौता भएको मितिले दुई महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण पेश गर्नुपर्नेछ ।

१६. व्यापार व्यवसाय गर्न नहुने : नगर प्रहरीले पूर्व स्वीकृति वेगर कुनै पनि व्यापार व्यवसाय गर्न पाउने छैन ।

१७. गोपनीयता : (१) नगर प्रहरीले अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी दिई गोपनीयता भंग गर्न, गराउन पाउने छैन ।

(२) नगर प्रहरीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न पाउने छैन तर साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यवसायिक विषयको सामाग्री भएमा प्रकाशन वा प्रशासरण गर्न बाधा पर्ने छैन ।

१८. नगरपालिकाको आलोचना : नगर प्रहरीले नगरपालिकाको नीति विपरित आँच आउने गरी विचार व्यक्त गर्ने संवाद, लेख, रचना प्रकाशन गर्न पाइने छैन ।

१९. निर्वाचनमा भाग लिन नहुने : नगर प्रहरीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभावमा पार्न पाउने छैन तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२०. राजनीतिमा भाग लिन नहुने : नगर प्रहरीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न पाइने छैन ।

२१. समय पालना र नियमितता : नगर प्रहरीले समयमा नियमित रुपमा हाँजिर हुनु पर्नेछ र स्वीकृत गराएर मात्र विदामा बस्नु पर्नेछ ।

२२. अनुशासन र आज्ञापालन : (१) नगर प्रहरीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेशलाई पालना गर्नुपर्नेछ ।

(३) नगर प्रहरीले एकात्मक आदेशमा रही कार्य सम्पादन गर्नुपर्नेछ ।

२३. बाहिरी प्रभावमा पार्न नहुने : नगर प्रहरीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न पाइने छैन ।

२४. लैंगिक संवेदनशील हुनुपर्ने : नगर प्रहरीले लैंगिक संवेदनशीलतामा ध्यान दिनु पर्नेछ ।

२५. हातपात वा जोरजुलुम गर्न नहुने : कुनै पनि नगरप्रहरीले आफूभन्दा माथिल्लो वा मातहतका नगर प्रहरी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन पाइने छैन ।

## परिच्छेद-६

## सजाय र पुनरावेदन

२६. सजाय : यस ऐनमा उल्लेखित व्यवस्था विपरित वा आचरण उल्लंघन गरेको भन्ने मनासिव माफिकको आधार प्रमाणित भएमा नगर प्रहरीलाई देहाय बमोजिम सजाय हुनसक्नेछ–

(क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

(ख) नसिहत दिने,

(ग) सेवा सुविधा रोक्का राख्ने,

(घ) लापरबाहीको कारण नगरपालिकालाई हानि नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिने,

(ङ) सेवा करार भङ्ग गर्ने ।

२७. नसिहत दिने वा प्रतिकूल राय लेख्ने : नगर प्रहरीले काममा साधारण लापरबाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

२८. सेवाकरार भङ्ग गर्न सकिने : देहायको अवस्थामा नगर प्रहरीको सेवा करार भङ्ग गर्न सकिने छ–

(क) सन्तोषजनक काम नगरेमा,

(ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

(ग) आचरण उल्लंघन गरेमा,

(घ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(ङ) मनासिव कारण नभई वा विदा स्वीकृत नगराई विदा बसेकोमा वा गैर हाजिर भएमा,

(च) झुट्टा विवरण पेश गरेको ठहर भएमा,

(छ) पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा ।

२९. सजाय सम्बन्धी कार्यविधि : (१) नगर प्रहरीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ र जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित नगर प्रहरीसँग समेत बुझी सबुत प्रमाण सहित आफ्नो ठहरको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी पुर्पक्षको अवधिभर स्वतः निलम्वित हुनेछ ।

(४) सजायको प्रक्रिया अवलम्बन गर्नुपूर्व नगर प्रहरीलाई सफाइको मौका दिनुपर्ने छ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववत सेवा सुविधा पाउने छ ।

३०. जाँचबुझ गरी सजायको आदेश दिन सक्ने : नगर प्रहरीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा थप आवश्यक जाँचबुझ गरी सजाय दिने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनु पर्नेछ ।

३१. पुनरावेदन : (१) प्रमुख प्रशासकीय अधिकृतले सोको कारवाही उपर चित्त नबुझे ३५ दिन भित्र नगर प्रमुख मार्फत नगर कार्यपालिकामा पुनरावेदन गर्न पाउनेछ ।

(२) उपदफा १ बमोजिम परेको उजूरी उपर नगर कार्यपालिकाले वढीमा २ महिना भित्र निर्णय गर्नु पर्नेछ ।

(३) नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-७

## पोसाक, तलव, सेवा सुविधा, विदा र अवकाश

३२. पोसाक तथा बन्दोबस्ती सम्बन्धी व्यवस्था : नगर प्रहरीको पोसाकको रंग, किसिम, बन्दोबस्ती र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३३. तलब स्केल तथा सेवा सुविधा : नगर प्रहरीहरूको तलव स्केल तथा अन्य सेवा सुविधा सेवा करारमा उल्लेख भए अनुसार हुनेछ ।

३४. विदाः (१) नगर प्रहरीहरूले देहाय बमोजिको विदा तोकिए बमोजिम पाउनेछन्–

(क) घर विदा

(ख) बिरामी विदा

(ग) किरिया विदा

(घ) प्रसुती विदा

(ङ) प्रसुती स्याहार विदा

(२) उपदफा (१) बमोजिमको विदा नगर प्रहरीले अधिकारको रुपमा दावी गर्न पाउनेछैन ।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरीलाई निजको स्वीकृत विदा रद्द गरी फिर्ता बोलाई काममा लगाउन सक्नेछ ।

## परिच्छेद-८

## विविध

३५. पुरस्कार तथा प्रोत्साहन : नगर प्रहरीले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय, प्रशंसनीय कार्य गरेमा त्यस्तो नगर प्रहरीलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

३६. दशैं खर्च पाउने : नगर प्रहरीले सेवा करारमा उल्लेख भए बमोजिमको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष दशैं खर्चको रुपमा पाउनेछ ।

३६. थप व्यवस्था : नगर प्रहरीको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरूको हकमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

३७. ऐन संशोधन : यस ऐनमा आवश्यक संशोधन नगरपालिकाको नगरसभाले गर्न सक्नेछ ।

३८. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

३९. बचाउ : नगर प्रहरी सम्बन्धी यस अघि भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

# अनुसूची १

(दफा ९(क) सँग सम्बन्धित)

नगर प्रहरी निरीक्षक पदको लागि आवश्यक न्यूनतम योग्यता

१.नेपाली नागरिक,

२.मान्यता प्राप्त शैक्षिक संस्थावाट स्नातक वा सो सरह उत्तीर्ण गरेको र नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ,

३.उमेर २१ वर्ष पूरा भई २५ वर्ष ननाघेको,

४.भूतपूर्व जनपद र सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,

५.कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

६.मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

७.सम्बन्धित इलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र,

८.पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

## अनुसूची २

(दफा ९ (ख) सँग सम्बन्धित )

नगर प्रहरी नायब निरीक्षकको आवश्यक न्यूनतम योग्यता

१. नेपाली नागरिक,

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तिर्ण गरेको र नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिने छ,

३.उमेर १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको, भूतपूर्व जनपद र सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,

४.कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

५. सम्बन्धित इलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र,

६. पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

# अनुसूची ३

(दफा ९ (ग) सँग सम्बन्धित)

नगर प्रहरी सहायक निरीक्षकको आवश्यक न्यूनतम योग्यता

१. नेपाली नागरिक,

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको, नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविक शैक्षिक योग्यतालाई मान्यता दिइने,

३. उमेर १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको ।

४. भूतपूर्व जनपद र सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,

५. कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

६. लमान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिता प्रमाणपत्र भएको,

७. सम्बन्धित इलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र,

८. पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

**अनुसूची ४**

(दफा ९ (घ) सँग सम्बन्धित)

नगर प्रहरी, हवल्दार तथा जवानको लागि आवश्यक न्यूनतम योग्यता

१. नेपाली नागरिक,

२. मान्यता प्राप्त शैक्षिक संस्थावाट दश कक्षा वा सोसरह उत्तीर्ण गरेको,

३. उमेर १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको,

४.भूतपूर्व जनपद र सशस्त्र प्रहरी वा नेपाली सेनाबाट अवकाश भएकाको हकमा ४५ वर्ष ननाघेको,

५. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

६. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र भएको,

७. सम्बन्धित इलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र,

८. पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इञ्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

आज्ञाले

दिपक कुमार आचार्य

प्रमुख प्रशासकीय अधिकृत